# रसीसलाइ घोषणापत्र, २००३

## रसीसलाइको प्रेरणा बाँधप्रभावित जनता तथा तिनका सहयात्रीहरूको दोस्रो अन्तर्राष्ट्रिय बैठक रसीसलाइ, थाइल्याण्ड नोभेम्बर २८ डिसेम्बर ३, २००३

रसीसलाइको प्रेरणा

हामी, विश्वभरीबाट ६२ देशका बाँधप्रभावित, विध्वङ्सात्मक बाँधविरोधी लडाकु र जल तथा ऊर्जाको दिगो एवम् समतामूलक व्यवस्थापनका अभियानकर्ताहरूसमेत ३०० जना मानिसहरू रसीसलाइमा भेला भयौं । हामी त्यस्तो भूमिमा भेला भएका छौं जो बाँधजन्य बाढीमा परी अहिले पुनर्स्थापित भएको छ । हाल बाँधका ढोकाहरू खुलेका छन्, नदी बगेको छ, बाली पाकेको छ, माछाहरू फर्किरहेका छन्, पुनः एक पटक सामुदायिक जीवन जीवन्त बनिरहेको छ । थाइल्याण्डका बाँधप्रभावित जनताहरूले हाम्रो तथा अन्य सबै जनताहरूका सामु जीवन, नदी, भूमि, संस्कृति र पहिचान जोगाउने दृढता र सङ्घर्षको उदाहरण प्रस्तुत गरेका छन् ।

पानी जीवनका लागि हो, मृत्युका लागि होइन ! भनी ब्राजिलको कुरिटीबामा सन् १९९७ मा भएको पहिलो अन्तर्राष्ट्रिय बैठकको आह्वान रसीसलाइ, थाइल्याण्डमा साकार भएको छ ।

हाम्रा उपलब्धिहरू

कुरिटिबा पश्चात हामीले आ नो सङ्घर्षमा उल्लेखनीय प्रगति गरेका छौं । नदी उपत्यकाहरूमा प्रभावित जनताको परिचालन तथा प्रत्यक्ष अभियानले गर्दा बाँधउद्योग, सरकार र वित्तीय संस्थाहरूलाई चुनौती दिएको छ । ध्वङ्सात्मक बाँधविरोधी अन्तर्राष्ट्रिय आन्दोलनले उद्योगलाई प्राविधिक, राजनीतिक र नैतिकताको क्षेत्रमा चुनौती दिनसक्ने आ नो क्षमता देखाएको छ । हामीले केही बाँधहरूलाई रोकेका छौं र विघटन गरेका छौं । केही क्षेत्रहरूमा हामीले उचित क्षतिपूर्तिको अधिकारको मान्यता हासिल गरेका छौं ।

प्रभावित एवम् धम्क्याइएका जनता र उनका सहयात्रीहरूले निर्णयनिरूपण प्रक्रिया तथा आ नो भविष्य आफैं निर्धारण गर्ने कार्यमा निर्णायक सहभागिताको अभ्यास गरेका छन् ।

हामी सामाजिक तथा वातावरणीय रूपमा न्यायपूर्ण र प्रभावकारी समुदायमा आधारित जलव्यवस्थापन सफलतापूर्वक कार्यान्वयन गरिरहेका छौं । हामी द्रुत गतिमा विकास भइरहेका नयाँ नविकरणीय ऊर्जाप्रविधि र आपूर्ति पक्षको व्यवस्थापन पद्धतिको समर्थन गर्दछौं । हाम्रो सङ्घर्षमा यस्तो अभूतपूर्व बृद्धि आदिवासी जनता, आधारभूत आन्दोलन तथा गैरसरकारी संस्थाहरू र दक्षिणी एवम् उत्तरी नागरिक समाजबीचको पहिलेभन्दा बलियो सम्बन्धले गर्दा पनि सम्भव भएको हो । हामीले न्यायपूर्ण र समतामूलक विश्वका निम्ति नवउदारवादविरोधी आन्दोलनमा ऐक्यबद्धता पनि जनाएका छौं ।

विश्व बाँध आयोगको प्रक्रिया गत छ वर्षको महत्वपूर्ण उपलब्धि हो । ठूला बाँधहरूका बारेमा आयोगको प्रतिवेदन एकदमै आलोचनात्मक छ । उनीहरूको प्रतिवेदनले नवउदारवादी विकासे नमुनाका आधारभूत त्रुटिहरूमाथि प्रश्न नउठाए पनि आयोगका सुझावहरूले लोकतान्त्रिक, पारदर्शी एवम् जिम्मेवारपूर्ण निर्णयप्रक्रियाका लागि एउटा ढाँचा प्रदान गरेका छन् ।

हाम्रा चुनौतीहरू

विगतमा हामीलाई ठूला बाँधहरूबाट विकास हुन्छ भनियो । हाल आएर बाँधका पक्षधरहरू ठूला बाँधहरूबाट गरिबी निवारण हुन्छ र दक्षिण तथा उत्तरी धनी राष्ट्रबीचको खाडल कम गर्न बाँध आवश्यक छन् भन्ने दाबी गर्दछन् । विगतको ५० वर्षले यो कुरा धोखा हो भनी देखाइसकेको छ । ठूला बाँधहरूको विश्वव्यापी युग दक्षिण र उत्तर तथा गरिब र धनीबीचको दूरीलाई तीव्र बनाउन तथा हदैसम्मको असमानताको परिचायक बनेको छ ।

pdfMachine by Broadgun Software

हामी जलविद्युत् तथा ठूला बाँधहरू विश्व तापक्रम बृद्धिलाई मन्द तुल्याउन र तिनका असरहरूलाई ग्रहण गर्न आवश्यक हुन्छन् भन्ने भ्रमको भर्त्सना गर्दछौँ ।

आ नो भूभाग, जमिन र स्रोतमाथि लक्षित गरिएका कारण आदिवासी जनताहरू असमानुपातिकरूपमा नोक्सानी खेपिरहेका छन् । यस्ता आयोजनाहरूको कार्यान्वयनका लागि सैनिकसमेतको हिंसात्मक प्रयोगले उनीहरूको मानवअधिकारको हनन हुन्छ र जीविका नै जोखिममा पर्दछ ।

विश्वव्यापीरूपमा एक दशकभन्दा लामो रमितालाग्दो असफलता हुँदाहुँदै पनि निजीकरण फैलदो छ । जीवनदायी पानी र नदीहरूलाई व्यापारिक स्वार्थमातहत राख्ने निजीकरण र बजारअर्थतन्त्रका तर्कको हामी डटेर विरोध गर्दछौँ ।

बृहत जल आयोजनाहरूमा आधारित प्रस्तावित नदीहरू जोड्ने, अन्तरनदीउपत्यका स्थानान्तरण र अन्तरदेशीय पूर्वाधारनिर्माणका प्रयासहरूले यी भीमकाय परियोजनाहरूका असर एवम् असफलताहरूबाट बाँधका प्रबर्द्धनकर्ताहरू पाठ सिक्न असक्षम छन् भन्ने देखाउँछन् ।

एलुमिनमजस्ता ऊर्जाप्रधान उद्योगहरू उत्तरबाट दक्षिणतिर तथा केन्द्रीयबाट परिवृतीय❖ देशहरूमा स्थानान्तरण हुँदा पछिल्ला देशहरूमा उच्च आर्थिक लागत, वाह्य ऋणमा बृद्धि र ठूला बाँधहरूका विशाल असरहरू थोपरिएको छ ।

हाम्रा मागहरू

- पाँच दिनसम्मको हाम्रो अनुभव साटासाट र समृद्ध आदानप्रदानले हामीलाई निम्न कुराहरूबारे सहमतिमा पुऱ्यायोः
- हामी सन् १९९७ को कुरिटिबा घोषणाका सिद्धान्त र मागहरूलाई समर्थन गर्दछौँ;
- हामी सामाजिक तथा वातावरणीयरूपले सबैखाले ध्वङ्सात्मक बाँधनिर्माणको विरोध गर्दछौँ । हामी सुसूचित एवम् सहभागितामूलक निर्णयनिरूपणका आधारमा प्रभावित जनताले अनुमोदन नगरेका तथा समुदायको प्राथमिकतामा पर्ने आवश्यकताहरूलाई पुरा नगर्ने बाँधनिर्माण कार्यको विरोध गर्दछौँ;
- हामी आदीवासी जनताहरूको ज्ञान, परम्परागत स्रोतव्यवस्थापन र जमिनक्षेत्र एवम् जल तथा ऊर्जासम्बन्धी योजना र निर्णयमा उनीहरूको स्वतन्त्र, सुसूचित अग्रिम सहमति र सामुहिक आत्मनिर्णयको अधिकारप्रति पूर्ण सम्मानको माग गर्दछौँ;
- लैङ्गिक समतालाई सबै जल तथा ऊर्जानीति, कार्यक्रम र आयोजनाहरूमा उच्च स्थान दिइनुपर्दछ;
- सबै प्रभावित तथा जोखिममा परेका जनता तथा बाँधविरोधी सङ्गठनहरूमाथि सबै प्रकारका हिंसा, डर त्रास र सैनिक हस्तक्षेप बन्द गरिनुपर्दछ;
- बाँधका कारण पीडा भोगिरहेका लाखौँलाई सम्झौतामार्फत कोषको व्यवस्था, पर्याप्त जमिन, आवास र सामाजिक पूर्वाधारसहितको हर्जाना प्रदान गरिनुपर्दछ तथा बाँधका लगानीकर्ता र बाँधबाट नाफा लिनेहरूले त्यस्तो हर्जानाको खर्च बेहोर्नुपर्दछ;
- बाँधद्वारा नोक्सानी पुऱ्याइएका पर्यावरणीयचक्र र जीविकाको पुनर्स्थापना गर्न तथा तटीय पर्यावरणप्रणालीमा विद्यमान विविधताको संरक्षण गर्न बाँध विघटनलगायका आवश्यक कार्यहरू गरिनुपर्दछ;
- हामी विद्युत, ऊर्जा र पानीका क्षेत्रमा भइरहेको निजीकरणलाई अस्वीकार गर्दछौँ । हामी विद्युत् र जलउपयोगिताका बारेमा लोकतान्त्रिक, जवाफदेही तथा प्रभावकारी जननियन्त्रण र उपयुक्त अनुगमनको माग गर्दछौँ;

❖ यहाँ दक्षिणी' भन्नाले गरिब राष्ट्र र उत्तरी' भन्नाले धनी राष्ट्रलाई सम्बोधन गरिएको हो ।

pdfMachine by Broadgun Software

- सरकार, लगानीकर्ता संस्था, निर्यातमुखि ऋण निकाय र निगमहरूले विश्व बाँध आयोगका सिफारिशहरू विशेष गरी जनस्वीकृति र सुसूचित सहमति, पुनर्स्थापना र विद्यमान बाँधहरू, पर्यावरणीय चक्र र आवश्यकता तथा विकल्पहरूको मूल्याङ्कनको पालना गर्नुपर्दछ । यी सिफारिशहरूलाई राष्ट्रिय नीति तथा कानुन र क्षेत्रीय प्रयासहरूमा समावेश गरिनुपर्दछ

- सरकारहरूले न्यायपूर्ण एवम् दिगो ऊर्जाप्रविधि तथा जलव्यवस्थापनको अनुसन्धान र कार्यान्वयनका निमित्त लगानी निश्चित गर्नुपर्दछ । सरकारहरूले पानी खेर फाल्ने प्रवृत्ति र अधिक उपयोगलाई निरुत्साहित गर्ने नीतिहरू अवलम्वन गर्नुपर्दछ तथा धनको समतामूलक वितरण सुनिश्चित गर्नुपर्दछ;

- अन्तर नदीउपत्यका स्थानान्तरण, अन्तर नदीजडान तथा अन्य बृहत जलआयोजनाहरू रोकिनुपर्दछ;

- अन्तर्राष्ट्रिय कार्बनबजार (अर्थात प्रदूषणको बेचबिखन) लाई उन्मूलन गरिनुपर्दछ;

- जलयातायातका निमित्त जलमार्ग प्रयोग गर्दा “डुङ्गालाई नदीअनुरूप बनाउने न कि नदीलाई डुङ्गाअनुरूप” भन्ने सिद्धान्त अवलम्बन गरिनुपर्दछ ।

हामी आफू निम्न कुराहरूप्रति प्रतिबद्ध छौं:

- विध्वङ्सात्मक बाँधका विरूद्ध एवम् हर्जानाको पक्ष र नदी तथा जलाधार क्षेत्रको पुनर्स्थापनाका लागि हाम्रा आन्दोलन एवम् अभियानहरूलाई घनिभूत बनाउन;

- आकाशे पानीखेती र समुदायद्वारा व्यवस्थित नविकरणीय ऊर्जा परियोजनाहरूजस्ता जल तथा ऊर्जा व्यवस्थापनकादिगो र उपयुक्त उपायहरूलाई विश्वव्यापीरूपमा लागु गर्न गराउन;

- विशेषगरी हाम्रा बालबालिका र युवाहरूमा पानीको क्षेत्रमा भएका विद्यमान बहुआयामिक ज्ञान र परम्पराहरूको निरन्तर नवीकरण तथा विस्तार गर्न;

- विभिन्न देशका प्रभावित जनताको पारस्परिक भ्रमणलगायत बाँध, जल र ऊर्जा क्षेत्रमा कार्यरत अयिभानकर्ता र आन्दोलनहरूबीचको आदानप्रदान कार्यलाई मजबुत तुल्याउन;

- नवउदारवादी विकासे नमूनाविरुद्ध सङ्घर्षरत तथा विश्वव्यापी सामाजिक तथा पर्यावरणीय न्यायका निम्ति अन्य आन्दोलनहरूसँग संयुक्त भई हाम्रो आन्दोलनलाई बलियो बनाउन;

- प्रत्येक वर्ष बाँधविरुद्ध तथा नदी, जनता र जीवनका लागि कार्यदिवस मनाउन (मार्च १४);

- हामी बाँधप्रभावित जनताका आन्दोलन र तिनका सहयोगी तथा सामाजिक आन्दोलन र गैरसरकारी संस्थाहरूलाई १४ मार्च २००४ मा विश्व बैङ्कको विरोध गर्ने एवम् विश्व बैङ्क तथा अन्तर्राष्ट्रिय मुद्रा कोषको ६० औं वार्षिक जयन्तिका अवसरमा हुने विरोधप्रदर्शनहरूप्रति ऐक्यबद्धता जनाउँदै साझा कार्यहरू संयोजन गर्न आह्वान गर्दछौं ।

- ध्वङ्सात्मक बाँध तथा पानी र ऊर्जाको वर्तमान ढाँचाविरुद्धको हाम्रो आन्दोलन अधिकतम लाभ हासिल गर्ने बहानामा दबित सामाजिक व्यवस्थाविरुद्धको आन्दोलन पनि हो तथा यो समता र ऐक्यबद्धतामा आधारित आन्दोलन हो ।

ऊर्जा तथा पानी व्यवस्थापनको वैकल्पिक ढाँचा सम्भव छ ।

पानी जीवनका लागि न कि मृत्युका लागि !

अनुवादक: दामोदर उपाध्याय

pdfMachine by Broadgun Software